# प्रदेश राजपत्र

कर्णाली प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड १) सुर्खेत, असार ३२ गते, २०७५ साल (अतिरिक्ताङ्क ११


## भाग १

### प्रदेश सरकार

### आन्तरिक मामिला तथा कानून मन्त्रालय

नेपालको संविधान बमोजिम कर्णाली प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संम्वत् २०७५ सालको ऐन नं. १०

# कर्णाली प्रदेश ऋण उठाउने अधिकारको व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावना:** आर्थिक वर्ष २०७५/०७६ को लागि प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावहरूलाई कार्यान्वयन गर्न कर्णाली प्रदेश सरकारले प्रदेश ऋण उठाउन वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा १९७ को अधिकारको प्रयोग गरी प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम **"कर्णाली प्रदेश ऋण उठाउने ऐन, २०७५"** रहेको छ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ।

२. **प्रदेश ऋण उठाउने अधिकार :** (१) आर्थिक वर्ष २०७५/०७६को लागि प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावहरूलाई कार्यान्वयन गर्न कर्णाली प्रदेश सरकारले आर्थिक वर्ष २०७५/०७६ को अन्त्यमा अधिविकर्ष वापत तिर्न बाँकी रकम र अन्य तिर्न बाँकी रकममा थप रू. १,००,००,००,०००/- (अक्षरेपी एक अर्ब रुपैंया मात्र) मा नबढ्ने गरी त्यतिसम्म रकमको प्रदेश ऋण उठाउन सक्नेछ।

तर यसरी उठाइने प्रदेश ऋण रकममा प्रदेश सरकारले प्रचलित कानून बमोजिम पाउने अधिविकर्ष रकम समावेश हुनेछैन।

(२) प्रदेश सरकारले आर्थिक वर्ष २०७५/२०७६ सम्मको नेपाल राष्ट्र बैंकलाई तिर्न बाँकी अधिविकर्षलाई प्रदेश सरकारले ट्रेजरी बिलमा परिणत गर्न स्वीकृति दिन सक्नेछ।

(३) यस दफा बमोजिम उठाइएको प्रदेश ऋणको साँवा ब्याज भुक्तानी गर्ने अवधि र सो ऋणको ब्याजको दर कर्णाली प्रदेश ऋण ऐन बमोजिम हुनेछ।

प्रमाणीकरण मिति : २०७५।३।३२

**आज्ञाले**
**केशवराज आचार्य**
**प्रदेश सरकारको सचिव**



**मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित। मूल्य रू ५।-**
**गो.हु.द.नं. १६।२०६२।६३**